Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD. 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३२६ | वि.सं. २०८२ चैत ४ बुधवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष चतुर्दशी | Wednesday 18 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# भेरी लिफ्ट खानेपानीले कहिले मेटाउला वीरेन्द्रनगरवासीको तिर्खा ?

**प्रदेश राजधानी बनेपछि बढेको जनसंख्या र सीमित स्रोतका कारण खानेपानी संकट गहिरिंदै, तीनै तहका सरकारको साझेदारीमा निर्माणाधीन भेरी लिफ्ट खानेपानी आयोजनाबाट दीर्घकालीन समाधानको अपेक्षा ।**



**ओम शाही**
**सुर्खेत, ३ चैत ।**

वीरेन्द्रनगर नगरपालिका-११, अमृतडाँडाका रत्नबहादुर वली उमेरले ७२ वर्षका भए । उनी २०५५ सालतिर सुर्खेतकै सिम्ता गाउँपालिकाबाट वीरेन्द्रनगर उपत्यकामा बसाईं सरेका थिए । तत्कालिन समयमा उनी बसाइँ सरेको अमृतडाँडामा अहिलेको जस्तो बस्ती विकास भइसकेको थिएन ।

विजुली, खानेपानी, सडक र सञ्चारको सुविधा पनि वलीको बस्तीमा पुगेका थिएनन् । उनीहरुको परिवार इनार र कुवाबाट खानेपानीको जोहो गर्दथ्यो । जनघनत्व कम भएकै कारण उतिबेला स्वच्छ खानेपानी सहजै प्राप्त हुन्थ्यो । तर विस्तारै वस्ती विस्तार हुँदै गयो । पानीका स्रोतहरु सुक्दै गए बाँकी रहेका पनि प्रदुषित बन्दै गए ।

त्यसको केही समयपछि वीरेन्द्रनगर उपत्यकामा खानेपानीको समस्या समाधान गर्न झुप्रा खोलाको पानी ल्याइयो । झुप्रा खोलाको पानी वलीको घरमा पनि पुग्यो । उनले झण्डै चार/पाँच वर्ष ढुक्कले पानी खाए । तर केही वर्षयता भने वलीको घरमा झुप्रा खोलाको पानी बिरलै पुग्छ । प्रदेश राजधानी बनेयता वीरेन्द्रनगरमा ह्वात्तै शहरीकरण बढेको छ ।

जनसंख्याको चाप अनुसार खानेपानीको स्रोत कम हुँदा बिग्रिएको आपूर्ति सन्तुलनका कारण वलीले अहिले निकै समस्या व्यहोर्नु परेको सुनाउँछन् । 'पहिले वस्तीहरु पातला थिए, कुवा र इनारको पानी पनि खान योग्य थिए,' उनी भन्छन्, 'अहिले त नगदेवाली जस्तै घर बनेका छन् । इनार खन्दा पनि सजिलै पानी आउदैन । भएका पनि खडेरीमा सुक्छन् ।'

यो समस्या वलीले मात्र भोगेका छैनन् । वीरेन्द्रनगर नगरपालिका-१, की मनिषा शाहीको घरमा पनि केही वर्ष यता धारामा पानी विगतको जस्तो जादैन । झुप्राको पानी अनियमित हुन थालेपछि उनको परिवारले जारको पानी प्रयोग गर्ने गरेको छ । उनी भन्छिन्, 'हामी सुरुमा वीरेन्द्रनगर आउँदा नियमित धारामा पानी आउथ्यो, तर केही वर्षयता भने खानेपानीको आपूर्ति निकै अनियमित छ । धारामा कहिले पानी आउछ थाहा नै हुँदैन ।'

उनको अनुमानमा चार वर्षयता आफ्नो टोलमा खानेपानीको समस्या देखा पर्न थालेको हो । वीरेन्द्रनगर प्रदेशको मुकाम भएसँगै बढेको जनसंख्याका कारण यो समस्या झन् विकराल बनेको उनको अनुभव छ । 'धारामा नियमित पानी आउँदैन । आएपनि निकै सानो आउछ,' उनि भन्छिन्, 'प्राय जारको पानी प्रयोग गर्छौं, पानी त जसरी पनि खानै पऱ्यो ।'

शनिबार वली अमृत डाँडास्थित भेरी लिफ्ट खानेपानी आयोजनाको मुख्य ट्याङ्की निर्माणाधिनस्थलमा पुगेका थिए । उक्त स्थानमा उनी हप्तामा दुई/तीन दिन नबिराइ गइरहन्छन् । यो त्यही महात्वाकांक्षी आयोजना हो, जसले खानेपानीको हाहाकार व्यहोरेका वीरेन्द्रनगरका वली जस्ता लाखौ नागरिकलाई स्वच्छ पिउने पानीको जोहो गर्न भौतारिनु पर्ने बाध्यता अन्त्य गर्नेछ ।

यो आयोजना संघीयता कार्यान्वयनपछि तीनै तहका सरकारको लागत साझेदारीमा गतवर्षदेखि कार्यान्वयन भइरहेको छ । जसले भेरी नदीको पाँच सय ६० लिटर प्रतिसकेण्ड पानी तानेर वीरेन्द्रनगरवासीलाई दीर्घकालिन स्वच्छ खानेपानीको पहुँचमा पुऱ्याउने छ । १३ भदौ २०८१ बाट सुरु भएको आयोजना निर्धारित समयमा सपन्न हुने आशाका बीच अघि बढिरहेको छ ।

वलीले निर्माणस्थलको काम हेर्दा तोकिएकै समयमा पानी आउनेमा ढुक्क रहेको बताए । शाहीले पनि आफ्नो घरअघिबाट आयोजनाका धमाधम पाइप लाइन विस्तार भइरहदा खानेपानीको समस्या पार लाग्ने अपेक्षा गरेकी छन् । विश्व बैंकको सहुलियतपूर्ण ऋण अनुदानमा अघि बढिरहेको आयोजना कार्यान्वयनको नेतृत्व वीरेन्द्रनगर नगरपालिकाले गरिरहेको छ ।

जसमा ८० प्रतिशत संघ, १३ प्रतिशत प्रदेश र सात प्रतिशत वीरेन्द्रनगर नगरपालिकाको साझेदारी छ । खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना वीरेन्द्रनगर आयोजना इकाई कार्यालय सुर्खेतका प्रमुख सन्जिवकुमार शाहले हालसम्म आयोजनाले २० प्रतिशत भौतिक प्रगति हाँसिल गरेको बताए । उनका अनुसार प्याकेज-१ अन्तर्गत लेकवेशी नगरपालिका-१०, मा पानी प्रशोधन प्लाण्ट, वीरेन्द्रनगर-११ को अमृतडाँडामा ३०/३० लाख क्षमताका तीन वटा मुख्य ट्याङ्की निर्माण कार्य जारी छ ।

त्यस्तै, पानी प्रशोधन प्लाण्टबाट मुख्य ट्याङ्कीसम्म पाइपलाईन विस्तार कार्य पनि अघि बढ्ने चरणमा छ । पहिलो प्याकेज अन्तर्गत अमृतडाँडाबाट वीरेन्द्रनगर उपत्यकाका विभिन्न स्थानमा निर्माण हुने ट्याङ्कीसम्म विस्तार गरिने पाइप लाइन बिछ्याउने कार्य जारी छ । उनका अनुसार ३५ किलोमिटर मध्ये हालसम्म २१ किलोमिटर पाइप बिछ्याउने कार्य सम्पन्न भएको छ । 'हालसम्म आयोजनाले २० प्रतिशत भौतिक प्रगति गरेको छ,' उनले भने, 'पहिलो प्याकेज अन्तर्गतका कामले गति लिएका छन् । बीचमा कुनै प्राविधिक वा स्थानीयस्तरमा समस्या नआए दुई वर्षभित्र भेरीको पानी उपत्यकामा आउँछ ।' उनका अुसार पहिलो प्याकेज तीन अर्ब ५० करोड आठ लाख रुपैयाँ लागतमा सम्झौता भई काम अघि बढेको थियो ।

दोस्रो प्याकेज अन्तर्गत प्रत्येक घरधुरीमा पाइप सञ्जाल विस्तार, धारा जडान र आयोजना सञ्चालन र व्यवस्थापन प्रणाली निर्माणका लागि ग्लोबल टेण्डर आह्वान भइसकेको उनले बताए । उनका अनुसार अबको केही समयमा उक्त ठेक्का खोल्ने तयारी छ ।

## यसरी बनेको थियो भेरी लिफ्टको अवधारणा

वीरेन्द्रनगरमा खानेपानीको समस्या अहिलेको भने होइन । २०५७ सालमा स्थापना भएको झुप्रा बृहत हालको सुर्खेत उपत्यका खानेपानी संस्थाले वीरेन्द्रनगरमा खानेपानी आपूर्ति गर्दै आइरहेको छ । तत्कालिन सययमा झुप्रा बृहतको डिजाइनमा २०७१ सम्म बढ्न सक्ने एक लाख चार हजार जनसंख्यालाई आधार मानिएका थियो ।

२०६० सालमा वीरेन्द्रनगरको कुल जनसंख्या ५४ हजार थियो । झुप्रा बृहत खानेपानी आयोजना निर्माणपछि वीरेन्द्रनगरमा २०६४ सम्म खानेपानीको सहज आपूर्ति हुन्थ्यो । तर, २०६१/२०६२ मा तत्कालिन नेकपा माओवादी र राज्य पक्षबीच चलेको सशस्त्र युद्ध चरम उत्कर्षमा पुगेको थियो । सोही समयमा सुरक्षाका कारण वीरेन्द्रनगर बसाईं सर्नेको संख्या ह्वात्तै बढ्यो ।

जसका कारण २०७१ मा एक लाख चार हजार जनसंख्या पुग्ने आँकलन गरिएकोमा चार/पाँच वर्ष अघि नै वीरेन्द्रनगरको जनसंख्या दोब्बर भएपछि माग अनुसारको खानेपानी पुऱ्याउन सकस भइरहेको सुर्खेत उपत्यका खानेपानी संस्थाका इन्जिनियर बालाराम

बाँकी ४ पेजमा

# तिर्न बाँकी सरकारी ऋण २८ खर्ब ७८ अर्ब

**युग संवाददाता**
**काठमाडौं, ३ चैत ।**

चालु आर्थिक वर्ष २०८२/८३ को सुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब चार करोड रहेकोमा फागुन मसान्तसम्ममा रु २८ खर्ब ७८ अर्ब २९ करोड पुगेको छ । पछिल्लो आठ महिनामा मात्र रु दुई खर्ब चार अर्ब २४ करोड सरकारी ऋण थपिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार यो अवधिसम्ममा सरकारले रु १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र रु १५ खर्ब ३० अर्ब १८ करोड बाह्य ऋण तिर्न बाँकी रहेको छ । कुल सार्वजनिक ऋणमा फागुन मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३ दशमलव १६ र आन्तरिक ऋणको हिस्सा ४६ दशमलव ८४ प्रतिशत रहेको छ । हालसम्मको कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४७ दशमलव १३ प्रतिशत हुन आउँछ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु पाँच खर्ब ५९ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा रु दुई खर्ब ९५ अर्ब १९ करोड ऋण उठाइसकेको छ । जुन वार्षिक लक्ष्यको ५० दशमलव ४४ प्रतिशत हो ।

चालु आर्थिक वर्षका लागि आन्तरिकतर्फ रु तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म ६७ दशमलव ३१ प्रतिशत अर्थात् रु दुई खर्ब ४३ अर्ब ६६ करोड बराबर उठिसकेको छ । त्यस्तै, बाह्यतर्फ रु दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा २४ दशमलव ३१ प्रतिशत अर्थात् रु ५६ अर्ब ८० करोड मात्रै उठेको छ ।

त्यस्तै, सरकारी ऋणको साँवा-ब्याज तिर्नका लागि यस वर्ष सरकारले रु चार खर्ब ११ अर्ब एक करोड विनियोजन गरेकामा फागुन मसान्तसम्ममा रु दुई खर्ब ४२ अर्ब २६ करोड भुक्तानी भइसकेको छ । यो वार्षिक विनियोजनका आधारमा ५८ दशमलव ९४ प्रतिशत हो । कुल गार्हस्थ्य उत्पादनको आधारमा माघ मसान्तसम्मको कुल ऋण सेवा खर्च तीन दशमलव ९७ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।

### तीन महिनामै आम्दानीः

# बाँकेका किसान स्ट्रबेरी खेतीतर्फ आकर्षित

**सरला सुवेदी**
**बाँके, ३ चैत ।**



बाँकेको कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिका र खजुरा गाउँपालिका आसपासका किसानहरू पछिल्लो समय स्ट्रबेरी खेतीतर्फ आकर्षित हुन थालेका छन् । करिब तीन महिनामै उत्पादन हुने र बजारमा राम्रो मूल्य पाइने भएकाले किसानहरूले यसलाई नगदे बालीका रूपमा रोज्न थालेका हुन् ।

बैजनाथ गाउँपालिका-१ च्यामाका सर्पराज बस्नेतले दुई वर्षअघि पाँच कठ्ठा जमिनमा करिब ९ हजार स्ट्रबेरी बिरुवा रोपेर खेती सुरु गरे । करिब ६ लाख रुपैयाँ लगानीमा उनले २५ क्विन्टल उत्पादन गरी ९ लाख रुपैयाँ आम्दानी गरे । लगाएको करिब तीन महिनामै फल तयार हुने भएकाले यो खेती उपयुक्त भएको उनी बताउँछन् ।

यस वर्ष बस्नेतले आफ्नै घरमा करिब ४ हजार बिरुवा उत्पादन गरेका छन् । करिब ३ लाख रुपैयाँ लगानीमा २० क्विन्टल उत्पादन गरी १३ लाख रुपैयाँसम्म आम्दानी हुनेमा उनी ढुक्क देखिन्छन् । उनकी श्रीमती शारदा बस्नेतका अनुसार यही व्यवसायबाट पाँच जनाको परिवारको गुजारा चलिरहेको छ । स्ट्रबेरी खेतीले पहिलेभन्दा

बाँकी ४ पेजमा

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।
- विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय....

# दोषि उम्कन नपाउन !

गएको २३ फागुनमा सुर्खेतका ६ व्यक्ति जंगली वन्यजन्तुको सिकार गर्न बर्दिया राष्ट्रिय निकुञ्जमा प्रवेश गरे । उनीहरु सुरक्षा निकाय प्रतिनिधिसभा निर्वाचनमा होमिएको समयमा सिकार खेल्न निकुञ्ज क्षेत्रमा प्रवेश गरेका थिए । कानुनले कुनै पनि वन्यजन्तुको सिकार गर्नुलाई अपराध मान्दछ। प्रकृत्ति अनुसार यस्तो कार्यमा संलग्नहरुलाई जेल सजायसमेत हुन्छ। तर उनीहरु कानुनको उल्लघंन गरी निकुञ्जमा प्रवेश गरेका थिए । उनीहरु कानुनले बन्देज गरेको कार्यमा संलग्न भएकै थिए, त्यसमा आफ्नै साथीको हत्या गरेर अर्को जघन्य अपराध गरेरका छन् । उनीहरुसँगै सिकार खेल्न गएका टोपबहादुर खत्रीको मृत्यु भएको भनिएको छ। टोपबहादुरको मृत्युको कारण खुल्न बाँकी रहेपनि अन्य पाँच अभियूक्तले उनलाई जंगलमै छाडेर फरार हुनुले गम्भीर आशंका उब्जाएको छ । प्रतिवन्धित क्षेत्रमा टोपबहादुर खत्रीको मृत्यु प्रकरण केवल एउटा आपराधिक घटना मात्र होइन, यो हाम्रो समाजमा मौलाउँदै गएको कानुन उल्लङ्घन, दण्डहीनता र सत्य लुकाउने प्रवृत्तिको गम्भीर उदाहरण पनि हो । १० दिनसम्म लुकाइएको यो घटनाले धेरै प्रश्नहरू जन्माएको छ, के हामी कानुनको शासनमा बाँचिरहेका छौं, वा अझै पनि अवैध गतिविधि र आपसी मिलेमतोले सत्यलाई दबाउन सकिन्छ भन्ने मानसिकता हाबी छ ? सबैभन्दा पहिले, यो घटना आफैंमा अवैध गतिविधिको परिणाम हो ।

राष्ट्रिय निकुञ्ज जस्तो संरक्षित क्षेत्रमा चोरी सिकार गर्नु स्पष्ट रूपमा गैरकानुनी कार्य हो । यस्ता क्षेत्रहरू वन्यजन्तु संरक्षणका लागि स्थापित गरिएका हुन्, जहाँ सिकार खेल्नु केवल कानुनको उल्लङ्घन मात्र होइन, जैविक विविधताको विनाश पनि हो । तर स्थानीय स्तरमा मौका छोपेर सिकार गर्ने प्रवृत्ति अझै कायम रहनु सम्बन्धित निकायको कमजोर निगरानी र प्रभावकारी नियन्त्रणको अभावको संकेत हो । दोस्रो र अझ चिन्ताजनक पक्ष भनेको घटनापछि अपनाइएको व्यवहार हो । एक व्यक्तिको मृत्यु हुनु सामान्य घटना होइन । तर सँगै गएका व्यक्तिहरूले घटनाको वास्तविकता लुकाउनु, परिवारलाई चुप बस्न दबाब दिनु र स्वयं भारततर्फ भाग्नुले यो केवल दुर्घटना नभई सम्भावित अपराध भएको आशंका बलियो बनाउँछ । यदि घटना साँच्चिकै दुर्घटना मात्र थियो भने किन यति लामो समयसम्म लुकाइयो ? किन तुरुन्त प्रहरीलाई खबर गरिएन ? यस्ता प्रश्नहरूको उत्तर खोज्नु अब राज्यको दायित्व हो । यस घटनाले ग्रामीण समाजमा अझै विद्यमान आफ्नै तरिकाले मिलाउने प्रवृत्तिलाई पनि उजागर गरेको छ । कानुनी प्रक्रियाभन्दा बाहिर गएर घटना लुकाउने प्रयासले न्याय प्रक्रियालाई अवरुद्ध मात्र गर्दैन, पीडित परिवारलाई झनै पीडा थप्ने काम गर्छ ।

सत्य बाहिर ल्याउन ढिलाइ हुनु आफैंमा न्यायमा ढिलाइ हुनु हो, र ढिलो भएको न्याय प्रायः अन्याय बराबर मानिन्छ । अब प्रश्न उठ्छ–यसमा जिम्मेवार को ? अवैध रूपमा निकुञ्ज प्रवेश गर्ने व्यक्तिहरू, उनीहरूलाई रोक्न नसक्ने निगरानी संयन्त्र वा घटना लुकाउन सहयोग गर्ने सामाजिक मौनता ? यथार्थमा यी सबै पक्ष जिम्मेवार छन् । त्यसैले समाधान पनि बहुआयामिक हुनुपर्छ । पहिलो, राष्ट्रिय निकुञ्ज क्षेत्रको सुरक्षा र निगरानी अझ कडा बनाउनुपर्छ । आधुनिक प्रविधि, स्थानीय समुदायको सहकार्य र कडा कानुनी कार्यान्वयनमार्फत चोरी सिकार पूर्ण रूपमा नियन्त्रण गर्नुपर्छ । दोस्रो, घटनामा संलग्न व्यक्तिहरूलाई कानुनअनुसार कडा कारबाही गर्नुपर्छ, ताकि भविष्यमा यस्ता गतिविधि दोहोरिन नदिइयोस् । तेस्रो, समाजमा कानुनी सचेतना अभिवृद्धि गर्न जरुरी छ । कुनै पनि घटना लुकाउनु समाधान होइन, बरु अपराधलाई झन् जटिल बनाउने माध्यम हो । यसर्थ, टोपबहादुर खत्रीको मृत्यु केवल एउटा व्यक्तिगत क्षति होइन, यो हाम्रो प्रणाली र समाजको कमजोरीको उदाङ्गो छायाँ हो । अब पनि हामीले यसलाई गम्भीरतापूर्वक लिएनौं भने यस्ता घटनाहरू दोहोरिरहने छन् । सत्य उजागर गर्नु, दोषीलाई कारबाही गर्नु र भविष्यमा यस्ता घटना दोहोरिन नदिन नियामक निकायले यस घटनाबाट पाठ सिकुन ।

## विश्व

### पाकिस्तान-अफगानिस्तान द्वन्द्वः

# अस्पताल नष्ट, हजारौँ नागरिक प्रभावित

**काबुल, ३ चैत ।**

अफगान सरकारले सोमबार राति काबुल अस्पतालमा पाकिस्तानको हवाई आक्रमणमा कम्तीमा ४०० मानिस मारिएको दाबी गरेको छ ।



उक्त घटना पछिल्लो महिनाको अन्त्यमा सुरु भएको सीमा विवादलाई तीव्र बनाउने किसिमको छ, जसमा बारम्बार सीमा पारको भिडन्त र हवाई आक्रमण भएका छन् । अन्तर्राष्ट्रिय समुदायले शान्ति वार्ता र युद्धविरामको आह्वान गरे पनि त्यसको कुनै असर नभएको देखिएको छ ।

अफगान उपप्रवक्ता हम्दुल्लाह फिटरतका अनुसार, आक्रमण राति ९ बजे अस्पतालमा भएको थियो र दुई हजार बेड क्षमता भएको अस्पतालको ठूलो भाग ध्वस्त भएको छ । अहिलेसम्म कम्तीमा ४०० मानिस मारिएको छ भने २५० भन्दा बढी घाइते भएका छन् । स्थानीय सञ्चार माध्यमले सुरक्षा अधिकारीहरूले शव व्यवस्थापन गर्दै र दमकलले आगो निभाउँदै गरेको दृश्य देखाएका छन् ।

**पाकिस्तानको प्रतिक्रिया**

पाकिस्तानले अस्पतालमा कुनै आक्रमण नभएको दाबी गर्दै अफगानिस्तानको आरोपलाई अस्वीकार गरेको छ। प्रधानमन्त्री शहबाज शरीफका प्रवक्ता मोषर्रफ जैदीले यसलाई आधारहीन भनेका बताए। पाकिस्तानका सूचनामन्त्री अताउल्लाह तरारले हवाई आक्रमण केवल काबुल र नङ्गरहर प्रान्तका सैन्य संरचना र गोला बारूद भण्डारमा लक्षित भएको बताए । उनले भने, "सबै आक्रमण त्यस्ता संरचनामा मात्र केन्द्रित गरिएको थियो जुन अफगान तालिवानले आफ्नो आतंककारी समूहलाई समर्थन गर्न प्रयोग गर्दै आएको थियो ।"

**संयुक्त राष्ट्रको आह्वान**

सुरक्षा परिषदले अफगानिस्तानका तालिवान नेतृत्वलाई आतङ्कवाद नियन्त्रणका लागि तुरुन्त कदम चाल्न आह्वान गरेको छ ।

पाकिस्तानले अफगानिस्तानमाथि आफ्ना देशमा पाकिस्तानी तालिवान र अन्यसमूहलाई शरण दिएको आरोप लगाएको छ, जुन अफगान सरकारले अस्वीकार गरेको छ ।

**हालको द्वन्द्व**

सबैभन्दा तीव्र भिडन्त फेब्रुअरीको अन्त्यमा सुरु भएको थियो, जब अफगानिस्तानले पाकिस्तानमा हवाई आक्रमणको जवाफमा सीमा पार आक्रमण गरेको थियो । यसले अक्टोबरमा कतरले मध्यस्थता गरेको युद्धविरामलाई भङ्ग गरेको थियो । पाकिस्तानले अफगानिस्तानसँग 'खुल्ला युद्ध' घोषणा गरेको छ ।

अफगान उपप्रधानमन्त्री अब्दुल सलाम हानफीले भने, "राष्ट्रिय स्वाभिमानको रक्षा सबै नागरिकको कर्तव्य हो ।" उनले नागरिक क्षति प्रति दुःख व्यक्त गर्दै युद्ध आफैंमा अफगानिस्तानमाथि थोपिएको बताए ।

# देशलाई निकास दिने हो भने तत्काल यी पाँच काम गरौँ



✍ **सुशील विके**

निर्वाचनको मिति नजिकिएसँगै देशमा निर्वाचनको रापताप एकाएक बढेको छ । तर, मानिसहरूको मनमा एउटा जबर्जस्त प्रश्नले घर गरेको छ, के निर्वाचनले अहिलेको संकटबाट निकास देला ? मिचिएको संविधान ट्र्याकमा आऊला ? घाइते अवस्थामा भएको लोकतन्त्र बौरिएला ? अराजकताको जाँतोमा पिसिएको विधिको शासनको पुनर्वहाली होला ? सामाजिक सद्भावमा ख्यातिप्राप्त नेपाली समाजमा अहिले बढ्न थालेको एक पुस्ता र अर्को पुस्ताबीचको वैमनस्यता र शत्रुता मेटिएला ?

राज्यका तिनै तहमाथि गरिएको विध्वंसको पुनर्निर्माण कसरी होला ? सबैतिर अविश्वास, गालीगलौज र बेमेलले कसरी यस्तो गम्भीर संक्रमणकालको अन्त्य होला ? यी गम्भीर प्रश्नको उत्तर खोज्न पनि अहिले देशमा निर्वाचनको विकल्प देखिँदैन । तर, निर्वाचनले मात्र सहज निकास निस्कने आधार भने कम देखिन्छ। तथापि सरकार, राजनीतिक दल, जेन-जी समूहहरू र अन्य सरोकारवालाहरू मिलेर निर्वाचनलाई सफल पार्नुको विकल्प देखिँदैन । अहिलेको संवैधानिक तथा राजनीतिक संकटबाट देशलाई निकास दिने मुख्य बाटोको प्रस्थान बिन्दु निर्वाचन भएको हुँदा निष्पक्ष निर्वाचनको वातावरण बन्नु अनिवार्य छ ।

निर्वाचनको माग गरेका जेन-जी अगुवाहरूले निर्वाचन गर्न नदिने र संसद पुनर्स्थापना गरिनुपर्ने, सर्वपक्षीय सरकार गठन गरिनुपर्नेजस्ता मागहरू राख्दै आन्दोलन गरेको, कतिपय दलहरूले संसद पुनर्स्थापनाका लागि सर्वोच्चमा रिट दिएको र प्रधानमन्त्रीले पुराना दलका नेताको मुख नहेर्ने बताएको सन्दर्भमा निर्वाचन अनिश्चित देखिन्थ्यो । तर, राष्ट्रपतिको पहलमा मुख्य दलका नेताहरूसँग प्रभावकारी सञ्चार गर्ने र उनीहरूका चासोलाई सम्बोधन गर्ने काममा सरकार अग्रसर भएपछि देश निर्वाचनतर्फ अगाडि बढेको छ । तर, दलहरू निष्पक्ष निर्वाचन हुनेमा विश्वस्त देखिँदैनन् । सरकारले यो शंकालाई निवारण गर्नुपर्दछ ।

अधिकांश राजनीतिक दलहरूले सुशीला कार्की सरकार र संसद विघटनलाई असंवैधानिक भन्दै निष्पक्ष निर्वाचनका लागि सर्वपक्षीय सरकारको माग गरे । तर, दलहरूसँगको संवाद र निष्पक्ष निर्वाचनको प्रतिबद्धताले सरकारले दलहरूलाई विश्वासमा लिएर निर्वाचनको वातावरण बनाउन एक हदसम्म सफल भएको मान्न सकिन्छ। तथापि सरकार अझै पनि प्रश्नको घेरामै छ । सरकारले पूर्वाग्राही भएर विभिन्न कामहरू गर्दै आएको, सबैतिर विरोध हुँदाहुँदै पनि रवि लामिछानेसहित सहकारी ठगीसँग जोडिएका व्यक्तिहरूका मुद्दा फिर्ता लिन सरकारका महान्यायाधिवक्ताले गरेको निर्णय, सरकार प्रमुखलगायतले नयाँ दलहरूप्रति देखाएको अतिरिक्त आशक्ति र चुनाव गराउन भनी अन्तरिम नागरिक सरकारमा गएका मन्त्रीहरू नै निर्वाचनमा सहभागी हुनु जस्ता कारणले निर्वाचनको निष्पक्षतामा दलहरू पूर्ण रूपमा आश्वस्त हुन सकेको पाइँदैन ।

अझ तत्कालीन सञ्चारमन्त्री जगदिश खरेल र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता रास्वपा प्रवेश गरेर उम्मेदवार बनेको र ऊर्जामन्त्री कुलमान घिसिङले आफ्नै नेतृत्वमा पार्टी खोलेर निर्वाचनमा लागेको सन्दर्भले समेत नागरिक सरकार कुनै दल विशेष र नेता विशेषसँग प्रभावित भएको वा हुन सक्ने देखिन्छ। यो आशंकालाई चिरेर विश्वासको वातावरण बनाई निष्पक्ष निर्वाचन गराउन सरकार बढी जिम्मेवार हुनुपर्दछ ।

**निर्वाचन : संविधानलाई ट्र्याकमा ल्याउने अवसर**

सुशासन र सामाजिक सञ्जालको निर्वाध प्रयोग गर्ने माग गर्दै सडकमा उत्रेका जेन-जीको आन्दोलन जब हाइज्याक भयो, तब उनीहरूले नसोचेका, नबुझेका र पार लगाउन नसक्ने एजेन्डाका भारी पनि सँगै बोक्नुपर्ने बाध्यता आइलाग्यो । एकातिर निर्दोष युवाको ज्यान गयो भने अर्कोतिर इतिहासले कहिल्यै बिर्सन नसक्ने गरी देशमा विध्वंस भयो। यी दुई घटनामा खेलिरहेका कतिपय पात्रले सेनासँग वार्ता गर्ने, संसद विघटन गर्ने र सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउनुपर्नेजस्ता माग राखे । यी तीनवटै माग जेन-जी आन्दोलनले तयार गरेको भन्दा फरक, प्रयोजित र संविधानको खिलाफमा थिए ।

तथापि जननिर्वाचित सरकार अपदस्त भएको, देशमा विध्वंस मच्चिएको र राज्यविहीनताको अवस्था सिर्जना भएको अवस्थामा आवश्यकताको सिद्धान्त भन्दै राष्ट्रपतिको अगुवाइमा तीनवटै एजेन्डा कार्यान्वयन गरियो । देशमा आइलागेको संकटबाट सहज निकास निकाल्नभन्दा पनि स्वार्थ समूहले आफ्नो स्वार्थ पूरा गर्न र नेपाललाई नियन्त्रित अस्थिरताको भूमरीमा फसाउने चालबाजीले गरिएको यो कोर्सले संकट समाधान गर्छ कि गर्दैन, हेर्न बाँकी छ। विश्लेषकहरूले चुनावले निकास दिन नसक्ने बताइरहँदा देशले अझै ठूलो चुनौती भोग्नुपर्ने हो कि भन्ने आशंका पनि उब्जिएको छ ।

दलहरूले निर्वाचन घोषणापत्र जारी गरेको समय अवधिलाई विश्लेषण गर्दा वास्तविक जेन-जीका मागप्रति कुनै पनि दलहरूको विमति देखिँदैन । यस्तो अवस्थामा जेन-जी र दलहरू मिलेर समाज र राजनीतिलाई रूपान्तरण गर्न लाग्नुपर्ने हो । देशलाई अहिलेको संक्रमणबाट मुक्त गरी विकास र समृद्धिमा अगाडि बढाउन संयुक्त पहल हुनुपर्ने हो । तर, अहिले जेन-जी भर्सेस पुराना दलजस्तो भाष्य बनाइको छ । सबै पुस्ताका नेता, दलहरू र जेन-जीले खुलेर छलफल गरी निकास निकाल्ने वातावरण बन्न सकेको छैन ।

जेन-जी र दलहरूबीच संवादको अभाव देखिएको छ भने सरकारले जेन-जीसँग गरिएको सम्झौतामा दलहरूलाई पूर्ण रूपमा बेवास्ता गरिएको छ। के राजनीतिक दलहरूको संलग्नता र उनीहरूको अपनत्वबिना जेन-जीका माग कार्यान्वयन गर्न सम्भव छ ? यही प्रश्नको उत्तरभित्र अहिलेको संकटको निकास लुकेको छ ।

**निकासको पाँचबुँदे रोडम्याप**

अहिलेसम्मका घटनाक्रमलाई विश्लेषण गर्दा देशलाई अहिलेको विषम अवस्थाबाट बाहिर निकाल्न तपसिलको पाँचबुँदे रोडम्याप आवश्यक देखिन्छ ।

एक, सबै पक्ष मिलेर निष्पक्ष, पारदर्शी र धाँदलीरहित रूपमा निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरिनुपर्दछ। यसका लागि जेन-जीहरू अल्गोरिदमको दुनियाँबाट टाढा रहेर विवेकको मत प्रयोग गर्न प्रतिबद्ध हुनैपर्छ। यसले संवैधानिक विधिबाट नै निकासको ढोका खोल्न सक्छ ।

दुई, अपरिपक्क भए पनि, षड् यन्त्रकारीको हाइज्याकमा परे पनि वास्तविक जेन-जी आन्दोलनले उठाएका मागहरू देश र जनताका पक्षमा छन् । रूपान्तरणका पक्षमा छन् । त्यसैले यी मागलाई आत्मसात् गरी कार्यान्वयन गर्नु दलहरू र आमनेपालीको दायित्व हो । यी मागहरूलाई पूरा गर्न संसदबाट संकल्प प्रस्ताव पारित गरी सबै दल, संसद र सरकारको साझा मुद्दा बनाएर कार्यान्वयनमा लैजान सकिन्छ। यहीँबाट नयाँ यात्राको थालनी हुन सक्छ ।

तीन, संविधान संशोधन गर्नका लागि उच्चस्तरीय आयोग गठन । यो आयोगले संशोधन गरिनुपर्ने विषयहरूलाई सहभागितामूलक विधिबाट तयार गर्ने र कतिपय विषय तत्काल र कतिपय विषय संसदको नियमित बिजनेसमार्फत कार्यान्वयनमा लैजाने गर्न सकिन्छ ।

चार, देशलाई सुशासनमा लैजाने प्रतिबद्धतासहित २०४६ साल यता सार्वजनिक पदमा रहेका सबै नेता, शिक्षक, कर्मचारी, सुरक्षा निकाय र न्यायालयका पदाधिकारीको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय शक्तिशाली आयोग गठन गर्ने र त्यसको प्रतिवेदनलाई पूर्ण कार्यान्वयन गर्ने ।

पाँच, अहिलेको गहिरिँदो संक्रमणकालको उचित व्यवस्थापन गर्नका लागि सर्वपक्षीय राष्ट्रिय सहमतिको पहल गरिनुपर्दछ ।

**संक्रमण व्यवस्थापनका लागि राष्ट्रिय सहमति**

अहिलेको मुख्य चुनौती भनेकै जेन-जी भर्सेस पुराना दल भएको छ । देश गम्भीर संवैधानिक र राजनीतिक संकटको भूमरीमा फसेको छ । यस्तो गम्भीर तरल र अस्थिर अवस्थाको फाइदा उठाउँदै नेपाललाई देशी विदेशी तत्त्वहरूले आफ्नो स्वार्थको क्रिडास्थल बनाउने खतरा पनि बढी नै छ । त्यसैले यो संक्रमणकाल पार गरी देशलाई पुनर्निर्माणको दिशामा अगाडि बढाउन अहिलेको विभाजित मानसिकता, विभाजित समाज र विभाजित दलहरू एक ठाउँमा आउनुपर्ने देखिन्छ ।

विचार, सिद्धान्त र लक्ष्य फरक भए पनि देश र जनताका पक्षमा एकजुट भई लड्न र अहिलेको संकटबाट देशलाई निकास दिन राष्ट्रिय सहमति गर्नुपर्ने देखिन्छ। के दलहरू यसमा तयार छन् त ? यो चुनावी बहस र प्रक्रियामा देश बनाउने खाका प्रस्तुत गर्दा माथिका विषयमा पनि मुख्य पार्टीका नेताहरूले आफ्ना धारणा राख्न आवश्यक छ । विगतमा दलहरूमा भएको विभाजन र बेमेलले लोकतन्त्रमाथि बारम्बार प्रहार भएको र लोकतन्त्र संस्थागत गर्न कठिन भएको तथ्यलाई दलहरूले बिर्सन मिल्दैन ।

नेपालको अहिलेको राजनीतिलाई मसिनो गरी विश्लेषण गर्दा निस्कने एउटा गम्भीर तथ्य भनेको सर्वत्र अविश्वासको खाडल छ। मिसइन्फरमेसन, मिसइन्फरमेसन र हेटस्पिचले सबैतिर निराशा, आक्रोशसँगै चरम अविश्वास पैदा भएको देखिन्छ । यसले संवैधानिक र राजनीतिक संकटलाई झन् गहिरो बनाउँदै छ। आमसञ्चारका माध्यमदेखि सामाजिक सञ्जाल प्लेटफर्ममा आउने सूचना, तथ्य र विचारले अविश्वासको खाडललाई पुर्नुपर्नेमा झन् बढेको देखिन्छ। राज्य र राज्यका अंगप्रति जनताको विश्वास टुटेको छ। नेता र जनताका बीचमा अविश्वास छ। सरकार र दलहरूका बीचमा अविश्वास छ । जेन-जी र दलहरूका बीचमा अविश्वास छ । आफैँले बनाएको सरकारसँग पनि जेन-जीले विश्वास गर्न छोडिसकेका छन् ।

यही अविश्वासले न हामीलाई सजिलोसँग निर्वाचन गर्न दिन्छ, न जेन-जीले चाहेको रूपान्तरण गर्न। यसरी सर्वत्र फैलिएको अविश्वासको जालो तोडेर सरकार, राजनीतिक दलहरू र जेन-जीबीचमा विश्वासको वातावरण निर्माण गर्नु आजको सबैभन्दा महत्त्वपूर्ण विषय हो। यसका लागि राष्ट्रिय सहमति आवश्यक छ ।

यस्तो गम्भीर संक्रमण पार लगाउन आवश्यक सहमति, सहकार्य र विश्वासको वातावरण बनाउन वर्तमान सरकारले नै सहजीकरण गर्नुपर्ने हो । तर, जेन-जीसँग सम्झौता गर्ने बेला दलहरूलाई बेवास्ता गरेर सरकारले गल्ती गरेको छ। उच्च राजनीतिक सुझबुझसहित समन्वयकर्ता र सहजीकरणको भूमिका खेल्नुपर्नेमा प्रधानमन्त्री कार्कीले पूर्वाग्रही सानो घेरामा रमाएर शीर्ष नेताको मुख नहेर्ने भन्दै निषेधको व्यवहार गरेर लामो समय खेर फालिन् ।

अब विगतबाट शिक्षा लिएर प्रधानमन्त्री र आवश्यक पर्दा राष्ट्रपतिको समेत अग्रसरतामा अहिलेको संकक्रमणलाई पार लगाउन सबै पक्षबीच विश्वासको वातावरण बनाई अगाडि बढ्न सर्वपक्षीय सहमतिको आवश्यकता बढ्दै गएको देखिन्छ। जेन-जी र दलहरूबीच सौहार्दपूर्ण वातावरण हुँदा मात्र आम रूपमा विश्वासको वातावरण बनी निर्वाचन सम्पन्न गर्न, निर्वाचन पछिका काम अगाडि बढाउन र अहिलेको गम्भीर संक्रमण पार गर्न सकिन्छ ।

अन्त्यमा, विविधता र संवेदनशील नेपाली समाज नबुझिकन, नेपालको भौगोलिक अवस्थिति अर्थात् भूराजनीति नबुझिकन, हिजोका गौरवपूर्ण क्रान्ति र जनआन्दोलनलाई सम्मान नगरीकन, नेपाली राज्यसंरचनाको चरित्र नबुझीकन देशमा परिवर्तन र रूपान्तरणको लडाइँ लड्न र विजय पाउन कठिन छ। अहिले वास्तविक जेन-जीहरूले पवित्र भावनाका साथ देशका लागि काम गर्न खोजेको भए पनि माथिका सवालहरूमा गम्भीर चिन्तन मनन गरेको पाइँदैन ।

यदि उनीहरू गम्भीर भएको भए आन्दोलन, संघर्ष र रूपान्तरणको सही मार्गमा हिँड्थे । परिवर्तन गर्नुपर्ने दल, नेता र समाजलाई परिवर्तन गर्थे र उनीहरूसँग सहकार्य गर्थे । अनि दण्ड गर्नुपर्ने नेता र दललाई आमजनतालाई सूचित गरी निर्वाचनका माध्यमबाट दण्डित गर्थे र साँच्चिकै देशलाई विकास, सुशासन र समृद्धिको दिशामा अगाडि बढाउँथे ।

तर, उनीहरू आफूबाहेकका पुस्तालाई दोषारोपण गरेर, राजनीतिक दलहरूलाई निषेध गरेर र पपुलिस्ट राजनीति गर्नेहरूलाई बोकेर अगाडि बढ्न खोज्दा देश अहिले इतिहासकै गम्भीर संकटमा फसेको छ। यो संकटबाट देशलाई बाहिर निकाल्न ढिलै भए पनि अब जेन-जी, सरकार, दलहरू र आमनेपाली गम्भीर बनेर माथि चर्चा गरिएको रोडम्यापअनुसार अगाडि बढ्न आवश्यक छ ।

*(शिलापत्र)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।

**वृष** — आँटले काम लिन नसक्दा केही पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । ईर्ष्या गर्नेहरू सक्रिय रहनेछन् ।

**मिथुन** — रमाइलो भेटघाटले नयाँ अवसर पनि जुटाउन सक्छ । भौतिक साधन जुट्नाले पेसा-व्यवसायमा उत्साहजनक परिवर्तन आउनेछ ।

**कर्कट** — विभिन्न सहयोग तथा उपहार प्राप्त हुने समय छ । आयआर्जन पनि मनग्य हुनेछ । कामको चाप भने बढ्न सक्छ ।

**सिंह** — भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ ।

**कन्या** — काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुनेछ ।

**तुला** — परिणाम अध्ययन नगरी लिइएको निर्णयले समस्या पर्न सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । पुरानो सम्झौता तोड्नुपर्ने हुन सक्छ ।

**वृश्चिक** — विभिन्न कामका अवसर प्राप्त हुनेछन् भने पेसा-व्यवसायमा पनि फाइदा हुनेछ । काममा श्रम परे पनि राम्रो प्रतिफल प्राप्त हुनेछ ।

**धनु** — अध्ययनमा त्यति समय दिन नसकिएला । प्रतिस्पर्धीहरूले वादविवादमा फसाउन सक्छन्, सजग रहनुहोला ।

**मकर** — अनुभवले काम लिने समय छ । विगतको सफलताले थप काम गर्न हौसला मिल्नेछ । नयाँ कामको प्रस्ताव आउनेछ। मनग्य धन आर्जन होला ।

**कुम्भ** — पछिका लागि केही वस्तु त्याग्नुपर्ला । तापनि मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ । टाढाका साथीभाइले काममा साथ दिनेछन् ।

**मीन** — दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ ।

# मृतक सिकारी खोज्न खटियो बर्दिया राष्ट्रिय निकुञ्जको टोली




**युग संवाददाता**
**सुर्खेत, ३ चैत ।**

बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा सिकार खेल्न गएर मृत्यु भएको भनिएका टोपबहादुर खत्रीको खोजीमा बर्दिया राष्ट्रिय निकुञ्जको टोली घटनास्थलतर्फ खटिएको छ। नेपाल प्रहरी, नेपाली सेना र निकुञ्जको टोली मृतक भनिएका टोबहादुरको खोजीमा मंगलबार विहान घटनास्थलतर्फ खटिएको बर्दिया राष्ट्रिय निकुञ्जका सूचना अधिकारी सरोजमणि पौडेलले जानकारी दिए।

उनका अनुसार सम्भावित क्षेत्रहरूमा ड्रोन क्यामेराको सहायताले खोजी कार्य गरिएको भएपनि मृतकको शव फेला परेका छैन। घटनास्थल बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट १७ कोष उत्तरमा पर्दछ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार गएको २३ फागुनमा टोपबहादुरसहित ६ जना सिकार खेल्न निकुञ्ज क्षेत्रमा प्रवेश गरेका थिए।

जिल्लाको बराहताल गाउँपालिका-१, का पाँच र लेकवेशी नगरपारिकाल-८, का एक गरी ६ जना भरुवा बन्दुक र आवश्यक घरेलु हातहतियारसँगै सिकारका खेल्न निकुञ्जको कोर एरियामा प्रवेश गरेका थिए।

जसमा बराहताल गाउँपालिका-१, का २५ वर्षीय रेशम समसेली, ४१ वर्षीय रविलाल दमाई, ३४ वर्षीय रामबहादुर घर्ती, ३० वर्षीय सुनिल समसेली, ३३ वर्षीय टोपबहादुर खत्री र लेकवेशी नगरपालिका-८, का ४५ वर्षीय दुर्गाबहादुर सिजाली थिए। बराहताल गाउँपालिका वडा नम्बर १ का वडाध्यक्ष बमबहादुर बडुवालले परिवार स्रोतलाई उद्दृत गर्दै उनीहरू बर्दिया राष्ट्रिय निकुञ्जको कोरा एरिया सुगुरखाल नजिकको रातिमाटे क्षेत्रमा पुगेका थिए।

परिवारले बताएअनुसार हिँड्ने क्रममा भरुवा बन्दुक पड्किएर टोपबहादुरको मृत्यु भएको हो। तर कसले बोकेको बन्दुक पड्किएको हो भन्ने विषय भने खुलेको छैन। टोपबहादुरको मृत्यु भएपछि अन्य पाँच जना सोही दिन घर फर्केका थिए। उनीहरूले परिवारका सदस्यहरूलाई घटनाका बारेमा कसैलाई नभन्न भन्दै घरबाट भागेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक मोहनजंग बुढथापाले जानकारी दिए।

तर घटनाका बारेमा सिकार खेल्न सँगै गएका सुनिल समसेलीकी आमाले टोपबहादुरका भिनाजु आसे महतरालाई जानकारी गराकी थिइन्। घटनाका बारेमा थाहा पाउनासाथ महतरा तत्काल प्रहरी

# 'वर्कसप' मार्फत मासिक ५० हजार आम्दानी गर्दै जन्जीर

**युग संवाददाता**
**कञ्चनपुर, ३ चैत ।**

शुक्लाफाँटा नगरपालिका-६ वनसमिति बजारका जन्जीर चौधरी स्वदेशमा परिश्रम गरेर सम्मानजनक आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन्। उनले सात वर्षदेखि सञ्चालन गर्दै आएको मोटरसाइकल मर्मत वर्कसपबाट मासिक रु ५० हजारभन्दा बढी आम्दानी गर्दै आएको हो।




वनसमिति बजारमा रहेको सानो वर्कसपबाट सुरु भएको उहाँको यात्राले अहिले स्थिर आय र भविष्यको योजनाको ढोका खोलेको छ। मोटरसाइकलको इञ्जिन बाँध्ने, वारिङ गर्ने, पाटपुर्जा बदल्ने, सर्भिसिङ गर्नेलगायत सबै काम चौधरीले आफैँ गर्दै आएको छ। कामको चाप बढी हुने याममा भने मासिक आम्दानी रु एक लाखसम्म पुग्ने गरेको उनले जानकारी दिए। जन्जीरको वर्कसपमा उहाँकी श्रीमती सरु चौधरीले पनि साथ दिँदै आएको छ। दुवै जना बिहान ७:०० बजेदेखि राती करिब ९:०० बजेसम्म वर्कसपमा व्यस्त छन्। कामदार नराखी श्रीमान्-श्रीमती मिलेर काम गर्दा खर्च घट्ने र कमाइसँगै बचत गर्न पनि सजिलो हुने चौधरीको अनुभव छ।

वर्कसपको आम्दानीबाट चौधरीले परिवारको दैनिक खर्च धान्नुका साथै केही सम्पत्ति जोडिएको छ। "घरमा रहेको चार बिघा जग्गाको खनजोत, सिँचाइ, मलखाद र बीउबिजन खरिदको खर्च पनि वर्कसपकै आम्दानीले धानिरहेको छ", चौधरीले भने, "एक पटक श्रीमती बिरामी हुँदा उपचारका लागि करिब रु दुई लाख खर्च भयो, त्यो पनि यही कमाइले व्यवस्थापन गर्न सक्यौं।"

श्रीमती सरुलाई पनि मोटरसाइकल मर्मतको काम सिकाउँदै आएका जन्जीर अहिले आधाभन्दा बढी काम गर्नसक्ने अवस्थामा पुगेको छ। यही क्रममा वडा कार्यालयमार्फत मोटरसाइकल मर्मतसम्बन्धी तालिम सञ्चालन हुने जानकारी पाएपछि उनले तालिम लिने निर्णय गरे। तालिमका क्रममा करिब एक वर्ष विभिन्न वर्कसपमा काम गर्ने अवसर पाएपछि मोटरसाइकल मर्मतमा सक्षम भएको उनले बताए।

"साथीभाइसँग सापटी मागेर रु चार लाख लगानी गरी वर्कसप सुरु गरेँ", चौधरीले भने, "इमानदारीपूर्वक काम गर्दै गएपछि आम्दानी बढ्दै गयो र छ महिनामा सापटी रकम फिर्ता गर्न सफल भएँ।" उनको वर्कसपमा करिब रु १५ लाख बराबरको लगानी पुगेको छ। उनले कमाइबाटै क्रमशः उपकरण र पाटपुर्जा थप्दै वर्कसपलाई विस्तार गर्दै आएका छन्।

प्राविधिक सीपलाई अझ व्यवस्थित बनाउन चौधरीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी) बाट मोटरसाइकल मर्मतसम्बन्धी तीनमहिने तालिम लिएको छ। उक्त तालिमपछि उनले 'वान लेभल' परीक्षा पनि उत्तीर्ण गरेका छन्।

यही सीपका आधारमा अहिले उहाँ विभिन्न गैरसरकारी संस्थाले सञ्चालन गर्ने मोटरसाइकल मर्मतसम्बन्धी तालिममा प्रशिक्षकका रूपमा सहभागी हुँदै आएको छ। यसबाट उनलाई अतिरिक्त आम्दानी हुने गरेको जन्जीरले जानकारी दिए।

वर्कसपको आम्दानीबाट चौधरीले गाउँमै दुईवटा पक्की घर निर्माण गरेका छन्। चार-चार कोठाका दुई घरमध्ये एउटा आफ्नै परिवारका लागि र अर्को भाइका लागि बनाएको हो। यससँगै उनले दुई बिघा जग्गामा उखुखेती गर्दै आएका छन्। उखुखेतीबाट मात्रै वर्षमा करिब रु पाँच लाख आम्दानी हुने गरेको उनले बताए।

सीप सिकेर स्वदेशमा मेहनत गरे मनग्य आम्दानी गर्न सकिने सन्देश चौधरीले वैदेशिक रोजगारीमा जाने युवालाई दिँदै आएको छ। उनले भने, "विदेश जाने सोचभन्दा पहिले स्वदेशमै सीप सिकेर काम गर्ने प्रयास गरे राम्रो आम्दानी परिवारसँग बसेर गर्न सकिन्छ।" युवालाई स्वरोजगार बनाउन स्थानीय सरकारले तालिम तथा सीप विकाससम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए।


## चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रूकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२ चैत्र २ गते)**

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) मा विभिन्न पदहरू रिक्त हुन गइ स्वास्थ्य सेवातर्फ पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशमा वैकल्पिक / अस्थायी सूचीमा रहेका उम्मेदवारहरूको सूची उपलब्ध गराउन अनुरोध भइ प्राप्त सूचीमा रहेका उम्मेदवारहरूलाई सम्पर्क गर्दा नियुक्तिका लागि नआएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को २१ (६) बमोजिम चौरजहारी नगरपालिकामा करारमा कर्मचारी व्यवस्था गर्ने सम्बन्धी कार्यविधि, २०७६ र यस कार्यालयको मिति २०८२/१२/०२ गतेको निर्णयानुसार खुला प्रतिस्पर्धाका आधारमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले आवश्यक कागजातहरूसहित दरखास्त पेस गर्न सकिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | सेवा | पद | तह | माग |
|---|---|---|---|---|---|
| १ | ०९/२०८२/०८३ | स्थानीय स्वास्थ्य | हेल्थ असिस्टेण्ट | पाँचौ | १ |
| २ | १०/२०८२/०८३ | | अ.न.मी. | सहायक चौंथो | २ |
| ३ | ११/२०८२/०८३ | | अ.हे.व. | सहायक चौंथो | ३ |
| ४ | १२/२०८२/०८३ | स्थानीय प्रशासन | कार्यालय सहयोगी | श्रेणीविहीन | ३ |

**(क) आवश्यक न्यूनतम योग्यता**
- हेल्थ असिस्टेण्ट पद पाँचौ तहका लागि मान्यताप्राप्त शिक्षण संस्थाबाट H.A. उत्तीर्ण गरी Nepal Health Professional Council मा दर्ता भएको,
- अ.न.मी. पद चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट A.N.M. उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको,
- अ.हे.व. पद चौथो तहको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट C.M.A. उत्तीर्ण गरी Nepal Health Professional Council मा दर्ता भएको,
- कार्यालय सहयोगी पदका लागि कक्षा ८ उत्तीर्ण गरेको।

**(ख) दरखास्त दिने स्थान:** चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय।
**(ग) दरखास्त दिने अन्तिम मिति :** २०८२ चैत्र १६ गते कार्यालय समयभित्र
**(घ) आवेदन दस्तुर :** हेल्थ असिस्टेण्ट पदको लागि रु. ५ सय, अ.न.मी. र अ.हे.ब. पदको लागि रु. ४ सय र कार्यालय सहयोग पदका लागि रु. ३ सय।
(ङ) पारिश्रमिक तथा सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम।
**च) छनोटको किसिम :** स्वास्थ्य सेवातर्फ लिखित, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता र कार्यालय सहयोगीको हकमा लिखित र अन्तरवार्ता
**(छ) पाठ्यक्रम :** प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशले निर्धारण गरेबमोजिम
**(ज) उमेरको हद :** स्वास्थ्य सेवातर्फ १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र कार्यालय सहयोगीको हकमा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको (महिला र अपाङ्गताको हकमा १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको)
**(झ) आवेदन साथ संलग्न कागजातहरू:** आवेदक स्वयंले प्रमाणित गरेको देहायबमोजिम कागजातका फोटोकपीहरू संलग्न गर्नुपर्ने छ।
- नेपाली नागरिकताको प्रमाणपत्र,
- न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र (लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र),
- कामकाजसँग सम्बन्धित अनुभव भए सोको कागजात,
- तीन प्रति पासपोर्ट साइजको फोटो,
- परिषद (Council) दर्ता प्रमाणपत्र (स्वास्थ्य सेवाको हकमा)

**(ञ) थप जानकारीको लागि**
**सम्पर्क नं. ०८८४०११४६, ९८५७८२६१११**
**इमेल: ito.chaurjaharimun@gmaol.com**

**नि. प्रमुख प्रशासकीय अधिकृत**


# डोल्पामा बोलेरो दुर्घटना : चालकको मृत्यु

**गोल्डेन बुढा**
**जुम्ला, ३ चैत ।**

कर्णालीको दुर्गम भुभाग डोल्पाको मुड्केचुला गाउँपालिका-३, काङ्गे खोलामा सवारी दुर्घटनाले एक युवा जीवनलाई अचानक आफ्नो गर्तमा खसाल्यो। मंगलबार साँझ करिब ५:१८ बजे ईल (खर्क) बाट त्रिवेणी तर्फ जाँदै गरेको बा.१७ च. ३९७० नम्बरको बोलेरो जिप अचानक अनियन्त्रित भई करिब ३०-४० मिटर तल खस्दा चालक सल्मान रोकाया (२३) को घटनास्थलमै मृत्यु भएको हो। स्थायी बास मुड्केचुला-३ भोटगाउँ भए पनि, सल्मान हाल रुकुम पश्चिम, त्रिवेणीमा बसोबास गर्दै आफ्नो भविष्य बुन्दै थिए। तर, जीवनको आशा र योजना अकल्पनीय दुर्घटनाले रोक्यो।

जिपमा अन्य कुनै यात्री थिएनन्, तर सल्मानको मृत्युले गाउँ र परिवारमा ठूलो शोक छाएको छाप्रहरीको टोली तुरुन्त घटनास्थलमा पुगेको थियो ।लाका प्रहरी कार्यालय कालिका डोल्पाबाट प्रहरी सहायक निरीक्षक हरक सिंह लोथ्यालको नेतृत्वमा ५ जना र प्रहरी चौकी ईलबाट प्रहरी सहायक निरीक्षक विनोद कुमार थापाको नेतृत्वमा ४ जनाको टोली खटिएको थियो।

# सुर्खेतमा फागुनमा ७६ सवारीसाधन दुर्घटना, चारको मृत्यु

**युग संवाददाता**
**सुर्खेत, ३ चैत ।**

सुर्खेतमा गत फागुनमा ७६ वटा सवारीसाधन दुर्घटना भएका छन्। ती दुर्घटनामा एक महिलासहित चार जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले जनाएको छ। कार्यालयले सोमबार सार्वजनिक तथ्याङ्कअनुसार फागुनमा भएका सवारी दुर्घटना हुनुमा मानवीय त्रुटि प्रमुख कारण देखाइएको छ।

करिब ८० प्रतिशत मानवीय त्रुटि र बाँकी यान्त्रिक खराबीका कारण दुर्घटना हुने गरेको ट्राफिक प्रहरी कार्यालय सुर्खेतका कार्यालय प्रमुख रोहीतकुमारी शाहीले जानकारी दिए। उनका अनुसार सबैभन्दा बढी मोटरसाइकल ४८, टेम्पो १०, मिनिबस सात, बस पाँच, जीप/कार चार र ट्र्याक्टर दुई वटा दुर्घटना भएका छन्।

चौँतिस वटा सवारी दुर्घटना तीव्र गतिका कारण हुने गरेका कार्यालय प्रमुख शाहीले उल्लेख गरे। मादक पदार्थ सेवनबाट तीन, चालकको असक्षमताबाट तीन, चढ्दा/ओर्लंदा एक र ब्रेक फेल भएर आठ दुर्घटना भएको उनले जानकारी दिए।

फागुनमा ट्राफिक तथा जनपद प्रहरीले ६४० जाँच गर्दा ४०२ लाई कारबाही गरेको जनाउँदै त्यसबाट रु तीन लाख ९१ हजार ५०० राजस्व सङ्कलन भएको कार्यालय प्रमुख शाहीले बताए। त्यस्तै, ट्राफिक प्रहरी एक्लैले जाँच गर्दा २३५ कारबाही परेका छन्। त्यसबाट रु एक लाख ९२ हजार ५०० राजस्व सङ्कलन गरिएको उनको भनाइ छ।

त्यसैगरी, चालकसँग एक मिनेट कार्यक्रमबाट छ हजार ६६३, पैदल यात्रु लक्षित कार्यक्रमबाट ५१६, सङ्घसंस्था लक्षित सचेतना कार्यक्रमबाट एक हजार ७५४ र सवारी चलाउने चालक सचेतना कार्यक्रमबाट १२८ गरी कुल १८ हजार ५४३ जना लाभान्वित भएको जनाइएको छ। ट्राफिक नियम पालनासम्बन्धी सचेतनामूलक कार्यक्रम तीव्रताका साथ अगाडि बढाइएको कार्यालयले जनाएको छ


## Khandachakra Municipality
## Office of the Municipal Executive
**Khandachakra Manma, Kalikot District**
**Karnali Province, Nepal**

### Invitation of Bids

**First Date of Publication: 2082/12/04 (18/03/2026)**

1. The Khandachakra Municipality, Office of the Municipal Executive, Manma Kalikot intends to apply part of the funds to cover eligible payments under the Contracts stated below. And Bidding is open to all eligible Nepalese Bidders for the Construction works under National Competitive Bidding – Single Stage single Envelope Bidding procedures with contract details as follows:

| S. N. | Identification No. | Description of Works | Estimated Amount (Without VAT & PS Nrs.) | Cost of Bid Document (NRs) | Bid Security Amount (NRs | Bid Security Validity Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KM/SBCOCSS/ NCB/W/ 03/2082/083 | 8 Room School Building Construction of Chulimalika Secondary School Khandachakra-5 Kalikot | 12,378,112.67 | 3000.00 | 335,000.00 | 120 days | NCB |

2. For More Details Eligible Bidders may obtain further information and inspect the Bidding may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative officer**



## Gauriganga Municipality
## Office of the Municipal Executive
**Chaumala, Kailali**
**Sudurpaschim, Province, Nepal**

### Invitation for Electronic Bia

**Date of publication: 2026/03/18 (Chaitra 04th 2082)**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders National Competitive Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat. PS and Contingency | Bid Security | Bid Fee |
|---|---|---|---|---|---|
| 1 | GGM/ GOODS/SQ/ 01/2082/083 | Supply and Installation of Portable Cold Chamber (as per approved Specification) at Gauriganga Municipality | 1649458.70/- | 55,000/- | 3000/-NRS |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/04/02, (19th Chaitra, 2082). Detail Notice is published in the website of The Municipality.

**Under Secretary**



## Subhakalika Rural Municipality
## Office of The Rural Municipal Executive
**Karnali Province, Nepal**

### Letter of Intent (LOI)

**Date of Publication: 2082/12/04**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per Second time published on Yugaawhan National Newspaper 2082/11/12 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No. | Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With VAT (NRs.) |
|---|---|---|---|---|
| 1 | SRM/KKT/G/ SQ/1/2082-2083 | Procurement and Supply of goods Nainaldada dekhi aarukhada samma Sadak Marmat-LISP | Mahadev Krishnadut Construction And Suppliers PVT. LTD, Mahawai Rural Municipality-6, Kalikot | 12,61,520.30 |
| 2 | SRM/KKT/G/ SQ/2/2082-2083 | Procurement and Supply of goods Kalekhola Rarakatiya dekhi sajha pata samma road maintainance-LISP | | 17,23,586.78 |
| 3 | SRM/KKT/G/ SQ/3/2082-2083 | Procurement and Supply of goods Mahadev Swada Batepani Koldada road maintainance | | 16,45,990.91 |
| 4 | SRM/KKT/G/ SQ/4/2082-2083 | Medicine & Drugs Procurement Of Basic Health & Sanitation Branch | Chirag Pharmacy Pvt. Ltd, Ranipauwa-11, Pokhara Metropolitan, Kaski | 14,99,332 |

**Chief Administrative Officer**

# चौरजहारीका नगर प्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा

**युग संवाददाता**
**सुर्खेत, ३ चैत ।**




रूकुम पश्चिमको चौरजहारी नगरपालिकाका नगर प्रमुख पुष्प वादीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ। करार म्याद थप गर्ने प्रयोजनका लागि एक लाख रुपैयाँ घुस लेनदेन गरेको पुष्टि भएपछि आयोगले मंगलबार आरोपपत्र दायर गरेको हो।

असिस्टेन्ट सब-इन्जिनियर मोहन शाहले विगत आठ वर्षदेखि करारमा कार्यरत रहेकोमा आर्थिक वर्ष २०८१/०८२ को म्याद थपका लागि नगर प्रमुख पुष्प वादीले एक लाख रुपैयाँ मागेको र उक्त रकम बैंक खातामा जम्मा गरेपछि मात्र म्याद थप भएको दाबी गर्दै उजुरी दिएका थिए। पुनः आर्थिक वर्ष २०८२/०८३ को नवीकरणका लागि पनि रकम माग गरिएको र सो रकम बुझाउन नसक्दा आफूलाई बर्खास्त गरिएको शाहको जिकिर थियो।

अनुसन्धानका क्रममा, शाहले २०८० साउन ८ गते नगर प्रमुख वादीको बैंक खातामा एक लाख रुपैयाँ जम्मा गरेको भौचर र अन्य प्रमाणहरूबाट घुस लेनदेन भएको पुष्टि भएको आयोगका प्रवक्ता सुरेन्द्र न्यौपानेले जानकारी दिए। नगर प्रमुख वादीले आफ्नो पदको दुरुपयोग गरी शाहलाई मोलाहिजा (अनुनय-विनय वा स्वार्थ सिद्ध) गर्दै व्यक्तिगत लाभ लिएको आयोगको ठहर छ।

## बाँकेका...

आर्थिक अवस्था सुधार भएको भन्दै परिवार यस व्यवसायबाट सन्तुष्ट देखिन्छ।

उच्च तापक्रम पुग्ने बाँकेमा पनि पछिल्लो दुई वर्षदेखि स्ट्रबेरी खेती सफल बन्दै गएको छ। परम्परागत खेतीभन्दा छिटो उत्पादन हुने र राम्रो मूल्य पाइने भएकाले किसानको आकर्षण नगदे बालीतर्फ बढ्दै गएको हो। कोहलपुरका हेमन्त थापाले पनि दुई वर्षदेखि स्ट्रबेरी खेती गर्दै आएको छ। पहिलोपटक २ हजार बिरुवा लगाउँदा राम्रो उत्पादन भएपछि यस वर्ष १५ कठ्ठामा ९ हजार बिरुवा विस्तार गरेको उनी बताउँछन।

स्ट्रबेरी खेतीप्रति सर्वसाधारणको आकर्षण पनि बढ्दै गएको छ। तराईमै उत्पादन भइरहेको खबर सामाजिक सञ्जालमा फैलिएपछि खेतमै पुगेर फल किन्ने र टिकटक बनाउनेको संख्या समेत बढेको छ। राप्ती सोनारीका प्रेमपुन मगर सामाजिक सञ्जालमार्फत जानकारी पाएपछि अर्गानिक स्ट्रबेरी किन्न खेतमै पुगेको बताउँछन। त्यस्तै, कोहलपुरकी निना चन्द पनि आफ्नै क्षेत्रमा उत्पादन भएको अर्गानिक फल किन्न खेतमै पुगेकी थिइन्।

किसान र उपभोक्ताको बढ्दो आकर्षणसँगै स्ट्रबेरी खेतीले राम्रो सम्भावना देखाए पनि सरकारी सहयोग अभाव चुनौतीका रूपमा देखिएको छ। उत्पादनदेखि बजार व्यवस्थापनसम्म प्रभावकारी नीति र सहुलियत उपलब्ध गराउन सके युवाको रोजगारी समस्या समाधानमा समेत टेवा पुग्ने देखिन्छ। तर पर्याप्त नीति अभावका कारण खेतीयोग्य जमिन बैंकमा धितो राख्ने प्रवृत्ति बढ्दै गएकोप्रति सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्।

## यसरी...

तिवारी बताउँछन्। वीरेन्द्रनगरमा खानेपानीको हाहाकारको श्रृंखला प्रदेश राजधानी भएयता झन चुलिएको छ।

२०७२ को संविधान जारी भएपश्चात सुर्खेतलाई कर्णालीको राजधानी बनाइयो। राजधानीका सम्पूर्ण संरचनाहरु वीरेन्द्रनगरमा स्थापना भए। त्यसपश्चात वीरेन्द्रनगरको जनसंख्या एक्कासी बढ्यो। झण्डै २० हजार चार सय २९ घरधुरीलाई पुगनपुग पानीको आपूति भइरहेको अवस्थामा यो संख्या बढेर झण्डै ३५ हजार पुगेपछि खानेपानीको आपूर्ति श्रृंखला झनै बिग्रिएको तिवारी बताउँछन्।

सुर्खेत उपत्यकामा अहिलको अवस्थामा तीन सय ७१ लिटर प्रतिसेकेण्ड पानी आवश्यक रहेकोमा आपुर्ति भने एक सय ५४ लिटर मात्रै रहेको उनी बताउँछन्। उनका अनुसार सुरुमा झुप्रा खोलाबाट मात्रै पानी ल्याइएको थियो। पछि माग बढ्दै गएपछि खरी र बोरी खोलाको पानी झुप्रामा थप गरियो। तर मागअनुसारको आपूर्ति भने हुन नसकेपछि वीरेन्द्रनगरमा दीर्घकालिन खानेपानीको विकल्प खोजियो।

त्यही विकल्पस्वरुप २०७३ सालमा भेरी लिफ्टको अवधारणा अघि सारिएको उनी बताउँछन्। उती बेला संस्थाको साधारणसभाबाट भेरीको पानी लिफ्ट प्रविधिमार्फत वीरेन्द्रनगरमा ल्याउने प्रस्ताव पारित गरिएको थियो। त्यसको झण्डै आठ वर्षपछि आयोजना कार्यान्वयन गएको थियो।

दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी अघि बढाइएको आयोजनाबाट ल्याइने भेरीको पाँच सय ६० लिटर प्रतिसेकेण्ड र अहिले आपूर्ति भइरहेको एक सय ५४ लिटर प्रतिसेकेण्ड पानीले वीरेन्द्रनगरमा सन् २०५० सम्म बृद्धि हुनसक्ने जनसंख्याको आवश्यकता धान्ने उनी बताउँछन्।


# Godawari Municipality
## Office of the Municipal Executive
Attariya, Kailali

**Invitation for Electronic Bid**

**Date of First Publication: 2082-12-04 (18th Mar, 2026)**

1. Godawari Municipality, Kailali, invites electronic bids from eligible bidders for the following works:

| S. N | Contract Identification Number | Description of Works | Bid Security Amount (NRs.) (Bid security validity period:120 days) | Fee for Bid Document (NRs.) | Last date of Bid submission and opening | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GM/NCB/W/ 2082/083/19 | Construction of Slab Culvert at ward no 4, Baskota | NRS 84,000.00 | NRS.3000 | Last Date of Bid Submission 16-04-2026 At 12 Noon Date of Bid opening: 16-04-2026 At 1:00 PM | NCB |
| 2 | GM/SQ/W/ 2082/83/06 | Construction of pipe culvert at Malakheti bazar ward no 3 | NRS 41,000.00 | NRS.1000 | Last Date of Bid Submission 01-04-2026 12:00 Noon Date of Bid opening: 01-04-2026 At 1:00 PM | SQ |
| 3 | GM/SQ/W/ 2082/83/07 | construction of RCC drain at near Godawari Fm. ward no 2 | NRS 33,000.00 | NRS.1000 | | |
| | | | **Account Detail For Bid Document Fee** | | **Account Detail For Bid Security** | |
| 4 | | Name of the bank | NIC ASIA BANK , Attariya, kailali | | NIC ASIA BANK, Attariya kailali | |
| | | Name of office | Godawari Municipality, Attariya , Kailali | | Godawari Municipality Attariya Kailali | |
| | | Account Detail | 0712051498622011 | | 7141498622524001 | |

2. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.
3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

**Chief Executive Officer**






**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)





**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।